प्रति कित्ता अंकित मूल्य रु. १००/- दरका २७,३०,०००/- कित्ता शेयर मध्ये ५४,६०० कित्ता अर्थात २% कम्पनीका कर्मचारीका लागि सुरक्षित गरिएको र १,३६,५०० कित्ता अर्थात ५% साधारण शेयर सामुहिक लगानी कोषहरुमा बाँडफाँड गरी बाँकी रहने २५,३८,९०० कित्ता साधारण शेयर सर्वसाधारणमा निष्कासन गरिने छ।

दरखास्त दिनुपर्ने न्यूनतम् कित्ताः	१० शेयर
दरखास्त दिन पाउने अधिकतम् कित्ता :	१,००,००० शेयर

दरखास्त साथ भुक्तानी गर्नुपर्ने रू. १००/- प्रति शेयरको दरले

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "CARE-NP BB-(IS) (Double B Minus (Issuer)" रेटिङ्ग प्राप्त गरेको छ । "CARE-NP BB- (IS) (Double B Minus (Issuer)" ले कम्पनीको वित्तिय दायित्व वहन गर्ने क्षमता औसत जोखिम "Moderate Risk of Default Regarding Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले NPAA (Is) देखि CARE-NPC (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARER-NP AA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARER-NPC (Is)" ले नकारात्मक आधारहरू जनाउँछ। मिति १६ फेब्रुवरी २०२२ मा प्रदान गरेको छ र सो रेटिङ्गको बहाल अवधि २५ जनवरी २०२३ सम्म रहेको छ।

River Falls Power Limited
रिभर फल्स पावर लिमिटेड

केन्द्रिय कार्यालयः कमलादी, काठमाडौं, नेपाल, फोनः ०१-५९०२३३०
Email: riverfallshydropower@gmail.com, www. riverfallshydro.com.np

को

आव्हान-पत्र

यो विवरण-पत्र नभई केवल आव्हान पत्र मात्र हो ।

कम्पनीको विगत र आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण

सम्पत्ति	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. ०७५/०७६	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	२०७८ पुस मसान्त	आ.ब. ०७८/०७९	आ.ब. ०७९/०८०	आ.ब. ०८०/०८१
प्रति शेयर नेटवर्थ (रु.)	८८.६६	८९.६३	८७.९८	८६.६१	९२.५६	१०२.७१	१०३.३२
प्रति शेयर आम्दानी (रु.)	(१.०६)	(१.५८)	(२.३६)	(१.३६)	(१.३१)	१०.०५	१३.४७
संचित नाफा/नोक्सानी (रु.)	(२९.२४७)	(३४.४९५)	(४२.९२३)	(४७.७९१)	(५२.०६४)	१८,२८६	२१,५७९

साधारण शेयरको बिक्री खुल्ला अवधि :

निष्काशन खुल्ला मिति	२०७९/०१/२८
निष्काशन बन्द हुने मिति (छिटोमा)	२०७९/०२/०४ (बैंकिङ्ग समय सम्म)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	२०७९/०२/११ (बैंकिङ्ग समय सम्म)

प्रति मेगावाट लागत सम्बन्धी विवरण :
कम्पनीले प्रवर्धन गरिरहेको पिलुवा खोला जलविद्युत १०.३० मे.वा. आयोजनाको कुल अनुमानित लागत (Interest During Construction (IDC) सहित प्रति मे.वा. लागत रु.१८,०६,१५,००० छ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :
पिलुवा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमती पत्र वहाल रहने अवधि मिति २०७०/११/०४ देखि २१०५/११/०३ गते सम्म रहेको ले २७ वर्ष बाँकी रहेको छ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :
आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ६.३२ वर्ष र Discounted Pay Back Period १०.२९ वर्ष रहेको छ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरण-पत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरण पत्र स्वीकृत मितिः २०७८/१२/१० तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७८/१२/१५

१. कम्पनीको नाम :
रिभर फल्स पावर लिमिटेड (River Falls Power Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :
कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

३. कम्पनीको रजिष्टर्ड कार्यालय :
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.२८ कमलादी, काठमाण्डौमा रहेको छ।

४. कारोबार गर्ने मुख्य स्थान :
यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं.२८ कमलादी, काठमाण्डौ र आयोजना कार्यालय संखुवासभामा रहेको छ।

५. कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले निजी क्षेत्रका उद्यमीहरु मिलेर मिति २०६१/०६/१९ मा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा रिभर फल्स हाइड्रोपावरको नाममा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएको थियो। यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र)का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले मिति २०७२/०६/१९ मा पब्लिक लिमिटेड कम्पनीमा परिणत भई रिभर फल्स पावर लिमिटेडको नाममा कारोबार संचालन गर्दै आएको कम्पनी हो। कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्रि गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा Take or Pay प्रावधानमा आधारित भई गरिएको छ।

२. हाल यस कम्पनीमा ५१२ जना संस्थापक शेयरधनीहरु रहेका छन्। यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत/उर्जा, बैंक/वित्तीय क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन्।

३. यस कम्पनीले संखुवासभा जिल्लाको धर्मदेवी नगरपालिका स्थित तल्लो पिलुवा खोला साना जलविद्युत आयोजनाबाट १०.३० मेगावाट उत्पादन गर्ने उद्देश्य अनुरुप जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७०/११/०४ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको हो।

४. पिलुवा खोला साना जलविद्युत आयोजनवाट उत्पादन गरिएको सबै विद्युतशक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७१ साल माघ १८ गते ९.५० मेगावाट क्षमताको विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको र २०७७ साल फाल्गुन ०२ गते थप ८०० कि.वा.को विद्युत खरिद विक्रीमा सैद्धान्तिक सहमती भइ जम्मा १०.३० मे.वा. विद्युतको खरिद बिक्रि सम्झौता भईसकेको छ। विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७९ असार १६ सम्म र हर्जाना सम्बन्धि कुनै पनि सम्झौता नगरिएको र नयाँ अनुमानित उत्पादन मिति २०७९ असार मसान्त सम्म सम्पन्न हुने लक्ष्यका साथ बिना अवरोध काम संचालन भईरहेको छ।

५. पिलुवा खोला साना जलविद्युत आयोजना (१०.३० मे.वा.) को मिति २०७०/११/०४ मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र -वि.वि.वि. ०७०/७१) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०५/११/०३ . गते सम्म बहाल रहेको ले २७ वर्ष बाँकी छ।

६. यस पिलुवा खोला साना जलविद्युत आयोजना निर्माण सम्पन्न भइसक्दा आयोजनाको कूल लागत (Interest During Construction (IDC) सहित रु १ अर्ब ८६ करोड ३ लाख ३४ हजार हुने र प्रति मेगावाट औसत लागत (Interest During Construction (IDC) सहित रु. १८ करोड ६ लाख १५ हजार हुने अनुमान रहेको छ।

७. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको संखुवासभा जिल्लाको धर्मदेवी नगरपालिका वडा नं. ४ र ६ मा १०.३० मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको छ र सम्पूर्ण निर्माण कार्य सम्पन्न भई आगामी असार मसान्त २०७९ मा आयोजना संचालनमा आउने छ।

८. संगठित संस्थाको पिलुवा खोला साना जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :
विद्युत परियोजनाको नाम : पिलुवा खोला साना जलविद्युत आयोजना
विद्युत गृह स्थल : संखुवासभा जिल्ला, धर्मदेवी न.पा. वडा नं. ६ मुल सडक बाट ४ कि.मि.को दुरीमा अवस्थित रहेको छ। आयोजनाको सम्पूर्ण संरचना संखुवासभा जिल्लाको धर्मदेवी नगरपालिका वडा नं. ४ र ६ मा पर्दछन्।
श्रोत नदी : पिलुवा खोलाको पानी।
आयोनाको किसिम : रन अफ रिभर।
विद्युत उत्पादन अनुमति प्राप्त मिति : २०७०/११/०४
विद्युत उत्पादन अनुमति वहाल रहने मिति : २१०५/११/०३
उत्पादन हुने सम्भावित मिति : २०७९, असार मसान्त।
जडित क्षमता : १०.३० मे.वा।
प्रसारण लाईन : कम्पनीले उक्त आयोजनाबाट उत्पादन हुने विद्युत ने.वि.प्रा. को प्रणालीमा प्रवाह गराउन पावर हाउस देखी ने.वि.प्रा.को निर्माणाधिन बानेश्वर सब-स्टेशन सम्म ३३ के.भी. प्रसारण लाईन तथा कनेक्शन प्वाईन्ट Interconnection Facilities निर्माण गरी जोडिने छ।
आयोजनाको कुल लागत : रु.१ अर्ब ८६ करोड ३ लाख ३४ हजार मात्र।
आयोजनाको प्रति मेगावाट लागत : रु.१८ करोड ६ लाख १५ हजार मात्र।
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि : ६.३२ वर्ष।
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : १०.२९ वर्ष।
RCOD मिति : २०७९ असार १६
कम्पनीको वित्तिय परिसुचक : आयोजनाको व्यापारीक उत्पादन शुरु हुने वर्ष लाई आधार बर्ष मान्दा लगानी फिर्ता हुने अवधि (Pay Back Period) ६.३२ वर्ष र (Discounted Pay Back Period) १०.२९ वर्ष र Internal Rate of Return १४.०३ प्रतिशत र Net Present Value (NPV): रु. ६४७,१३६,०००/- रहने अनुमान रहेको छ। नेपाल राष्ट्र बैंकले Valuatioल प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको तीसौं बर्षको नगद प्रवाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रवाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको। NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ।

Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना विधि तथा तरिका :

1. NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + … Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0
where,
r = Discount rate
t = Number of time periods
2. IRR= Ct - C0
(1+r) t
where,
Ct = Net cash inflow during the period t
C0= Total initial investment costs
r = Discount rate
t = Number of time periods

आयोजनाबाट विद्युतको व्यापारिक उत्पादन मिति सम्म रु.१,८६,०३,३४ हजार लगानी हुने, जसमा विद्युत उत्पादन निर्माण गर्दा पहिलो बर्षमा रु.१,६२,१००, दोश्रो बर्षमा रु. ८४९,११७ र तेस्रो बर्षमा रु.८४९,११७ लगानी हुने)

वर्ष	आय	संचालन तथा व्यवस्थापन	रोयल्टी	व्याज खर्च	ह्रास कट्टी	बोनस	कर अघिको आम्दानी	कर	कर पछिको आम्दानी	नगद प्रवाह
A	B	C	D		E		F	G (०, १०%, २०% र ३०%)	H	I
										B+C+D+H
0	-	-			-					(१६२,१००)
c1	-	-								(८४९,११७)
c2	-	-								(८४९,११७)
१	३०८,६४६	२९,९४९	७,२०३	१२३,२२४	६२,६११	१,६८०	८३,९८०	-	८३,९८०	२७१,४९४
२	३१७,९०६	३०,२१५	७,३८८	११७,०९०	६२,६११	१,९७३	९८,६२९	-	९८,६२९	२८०,३०३
३	३२७,१६५	३०,४८२	७,५७३	११०,३५३	६२,६११	२,२७७	११३,८६९	-	११३,८६९	२८९,११०
४	३३६,४२४	३०,७५०	७,७५८	१०२,९५२	६२,६११	२,५९५	१२९,७५७	-	१२९,७५७	२९७,९१५
५	३४५,६८४	३१,०७१	७,९४४	९४,८२३	६३,१०९	२,९१६	१४५,८२१	-	१४५,८२१	३०६,६६९
६	३५४,९४३	३१,३३७	८,१२९	८५,८९३	६३,१०९	३,२६४	१६३,२११	-	१६३,२११	३१५,४७७
७	३५४,९४३	३१,३७८	८,१२९	७६,०८५	६२,७७५	३,४६२	१७३,११४	-	१७३,११४	३१५,४३६
८	३५४,९४३	३१,४१७	८,१२९	६५,३११	६२,७७५	३,६७३	१८३,६३८	-	१८३,६३८	३१५,३९७
९	३५४,९४३	३१,४५३	८,१२९	५३,४७७	६२,७७५	३,९०४	१९५,२०५	-	१९५,२०५	३१५,३६१
१०	३५४,९४३	३१,५३६	८,१२९	४०,४७७	६३,४५६	४,१४४	२०७,२०१	-	२०७,२०१	३१५,२७८
११	३५४,९४३	३१,५५८	८,१२९	२६,१९८	६२,९५६	४,४३३	२२१,६६९	२२,१६७	१९९,५०२	२९३,०८९
१२	३५४,९४३	३१,५७४	८,१२९	१०,५१४	६२,९५६	४,७४१	२३७,०३०	२३,७०३	२१३,३२७	२९१,५३८
१३	३५४,९४३	३१,३२२	८,१२९	-	६२,९५६	४,९५२	२४७,५८५	२४,७५८	२२२,८२६	२९०,७३४
१४	३५४,९४३	३१,०७०	८,१२९	-	६२,९५६	४,९५७	२४७,८३२	२४,७८३	२२३,०४८	२९०,९६१
१५	३५४,९४३	३०,८१८	८,१२९	-	६३,७६४	४,९४६	२४७,२८६	२४,७२९	२२२,५५७	२९१,२६७
१६	३५४,९४३	३०,५६६	४५,७९४	-	६३,७६४	४,२१२	२१०,६०६	२१,०६१	१८९,५४५	२५७,५२२
१७	३५४,९४३	३०,३१५	४५,७९४	-	६३,७६४	४,२१७	२१०,८५३	२१,०८५	१८९,७६८	२५७,७४९
१८	३५४,९४३	३०,०६३	४५,७९४	-	६३,७६४	४,२२२	२११,१००	२१,११०	१८९,९९०	२५७,९७६
१९	३५४,९४३	२९,८११	४५,७९४	-	६३,७६४	४,२२७	२११,३४७	२१,१३५	१९०,२१२	२५८,२०३
२०	३५४,९४३	२९,५५९	४५,७९४	-	६४,९४०	४,२०९	२१०,४४१	२१,०४४	१८९,३९७	२५८,५४६
२१	३५४,९४३	२९,३०७	४५,७९४	-	६४,९४०	४,२१४	२१०,६८८	४२,१३८	१६८,५५०	२३७,७०४
२२	३५४,९४३	२९,०५६	४५,७९४	-	६४,९४०	४,२१९	२१०,९३५	४२,१८७	१६८,७४८	२३७,९०६
२३	३५४,९४३	२८,८०४	४५,७९४	-	६४,९४०	४,२२४	२११,१८१	४२,२३६	१६८,९४५	२३८,१०९
२४	३५४,९४३	२८,५५२	४५,७९४	-	६४,९४०	४,२२९	२११,४२८	४२,२८६	१६९,१४३	२३८,३११
२५	३५४,९४३	२८,३००	४५,७९४	-	६७,०९६	४,१९१	२०९,५६२	४१,९१२	१६७,६४९	२३८,९३६
२६	३५४,९४३	२८,०४८	४५,७९४	-	६७,०९६	४,१९६	२०९,८०९	४१,९६२	१६७,८४७	२३९,१३९
२७	३५४,९४३	२७,७९६	४५,७९४	-	६७,०९६	४,२०१	२१०,०५६	४२,०११	१६८,०४५	२३९,३४१
२८	३५४,९४३	२७,५४५	४५,७९४	-	६७,०९६	४,२०६	२१०,३०३	४२,०६१	१६८,२४२	२३९,५४४
२९	३५४,९४३	२७,२९३	४५,७९४	-	६७,०९६	४,२११	२१०,५४९	४२,११०	१६८,४४०	२३९,७४६
३०	३५४,९४३	२७,०४१	४५,७९४	-	६७,०९६	४,२१६	२१०,७९६	४२,१५९	१६८,६३७	२३९,९४९
Net Present Value (NPV)			६४७,१३६							
Internal Rate of Return (IRR)			१४.०३%							
B/C Ratio / Profitability Index			१.४३							

आयोजनाबाट वर्षा याम तथा सुख्खा याम गरि वार्षिक विद्युत सम्बन्धी विवरण :

सुख्खा यामको कूल इनर्जी (KWh)	८६,१०,३५०
बर्षा यामको कूल इनर्जी (kWh)	४,९२,३३,१९२
जम्मा (kWh)	५,७८,४३,५४२

परियोजनाको IRR प्रक्षेपित निम्नानुसार गणना गरिएको छ :
क) इक्विटी IRR : यस विधिमा, ऋणको लागत र ऋण भुक्तानीलाई भुक्तानी भएको समयमा बर्हिगमनको रुपमा लिइएको छ भने सम्पूर्ण इक्वीटीलाई गणना अवधिको सुरुमा बर्हिगमनको रुपमा लिइएको छ।
ख) प्रोजेक्ट IRR : यस विधिमा, परियोजनाको लागतलाई नगद बर्हिगमन मानिएको छ भने ऋणको लागत तथा ऋण भुक्तानीलाई नगद बर्हिगमन मानिएको छैन।
ग) IRR ३० वर्षसम्म नगद प्रवाह विचार गरी गणना गरिएको छ।
घ) अनुमानित परियोजना लागत रु.१८६.०३ करोड (आर्थिक वर्ष २०७८/७९ मा हुने खर्च रकम) लाई वर्ष बर्हिगमन मानिन्छ।

NPV प्रक्षेपित निम्नानुसार गणना गरिएको छ :
क) यो अनुमान गरिएको छ कि वर्तमान सम्पत्तिहरु परियोजना अवधिको अन्त्यमा प्रयोग योग्य हुन्छन् यद्धपी त्यस्ता सम्पत्तीको निसर्ग प्रबन्धले परियोजनाको एनपिभिमा कुनै खास प्रभाव पार्दैन।
ख) रु. १८६.०३ करोडको अनुमानित परियोजना लागत (आर्थिक वर्ष २०७८/७९ मा खर्च हुने रकम) लाई वर्ष शून्यमा बर्हिगमन मानिन्छ।
कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताको मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन्।
क. पिलुवा खोला साना जलविद्युत आयोजना बाट वार्षिक ५,७८,४३,५४१ KWh (Kilo Watt) घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। पिलुवा खोला साना जलविद्युत आयोजनामा वर्षा यामका आठ महिनाको लागि ४,९२,३३,१९२ kWh घण्टा र सुख्खायामका चार महिनाका लागि ८६,१०,३५० kWh घण्टा निर्धारण गरिएको छ।

विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदा:

- विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मूख्य बुँदा: कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ। काबुबाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनुपर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ। साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने विद्युत शक्ति लिनको लाीग प्राधिकरणबाट हुनु पर्ने कार्यहरु समय भित्र पुरा गरी सक्नु पर्नेछ। समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ : कम्पनीले प्राधिकरणलाई वा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ। हर्जाना रकम रु. ०.०५ X कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा X व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरीद दर प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद बापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने तर प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद बापत भुक्तानी गर्नुपर्ने रकमकोपचास प्रतिशत भन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ। प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ।
- कन्ट्रयाक्ट इनर्जीको वा Availability Declearation को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महीना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा कावू वाहिरको परिस्थितीको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ती गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतीपूर्ती स्वरुप रकम भुक्तानी गर्नुपर्नेछ। क्षतिपूर्ति रकम रु.(०.८ x सो महिना कम्पनीबाट प्राधिकणलाई आपूर्ति गर्नुपर्ने वढीमा कन्ट्रयाक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा – सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा (सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outageवा आकस्मिक मर्मत सम्भार वा कावू वाहिरको परिस्थितीको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा) x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर :यसरी हिसाव गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शून्य मानिनेछ। क्षतिपूर्ति रकम विल रकम भन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन। यस्तो क्षतिपुर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिंदा कट्टा गर्न सक्नेछ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :
कम्पनीबाट निर्माणाधिन जलविद्युत आयोजनाको बाँकि निर्माण कार्य र बैंकको ब्याज भुक्तानी गर्ने कार्यको लागि उपयोग गरिने छ।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :
अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु. १,००,००,००,०००/- (एक अर्ब मात्र) हुने छ। सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका १,००,००,००० (एक करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी : कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ७०,००,००,०००/- (सत्तरी करोड मात्र) हुने छ। सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ७०,००,००० (सत्तरी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।

चुक्ता पूँजी : कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गरेको पूँजी रु. ३५,७०,००,०००/- (पैतिस करोड सत्तरी लाखमात्र) रहेको छ। बाँकि ४९% अर्थात रु. ३४,३०,००,००० मध्ये आयोजना प्रभावित क्षेत्र अर्थात् संखुवासभा जिल्ला र धर्मदेवी नगरपालिका वडा नं ४ र ६ र अति प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि १०% निष्काशन गरिएको अर्थात रु.७,००,००,०००/–(अक्षरेपी रु. सात करोड) रकम बराबरको रु.१००/–अंकित दरको ७,००,००० कित्ता शेयर छुट्टाइएको, रु. २७,३०,००,००० मध्ये ५% अर्थात् रु. १,३६,५०,०००/-(अक्षरेपी एक करोड छत्तिस लाख पचास हजार) अंकित दरको १,३६,५०० कित्ता साधारण शेयर सामुहिक लगानी कोष र २% अर्थात् रु. ५४,६०,०००/-(अक्षरेपी चौवन्न लाख साठी हजार) रु.१००/- अंकित दरको ५४,६०० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि छुट्टाइएको र बाँकी रु. २५,३८,९०,०००/- (अक्षरेपी पच्चीस करोड अठतीस लाख नव्वे हजार) रु. १००/- अंकित दरको २५,३८,९०० कित्ता साधारण शेयर सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ७०,००,००,०००/- (सत्तरी करोड मात्र) हुनेछ।

८. साधारण शेयर निष्काशनगरी बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

समुह	शेयरधनी	शेयर कित्ता	पूँजीसंरचना	चूक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक शेयरधनी	३५,७०,०००	५१%	३५,७०,००,०००	१००
(ख)	उद्योग अति प्रभावित तथा प्रभावित क्षेत्रका बासिन्दा	७,००,०००	१०%	७,००,००,०००	-
(ग)	सर्वसाधारणहरु (कर्मचारी समेत)	२७,३०,०००	३९%	२७,३०,००,०००	
	जम्मा	७०,००,००,०००	१००%	७०,००,००,०००	

९. संस्थापक संचालक सम्बन्धी विवरण :
आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

सञ्चालकहरुको विवरण :

क्र.सं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव(सम्बन्धित) जलविद्युत क्षेत्रमा	अनुभव (अन्य)
१	श्री सुभाष अमात्य	अध्यक्ष	४२	नेपाली	विरगंज न.पा. ११ पर्सा	४,३०,६१९	स्नात्तकोत्तर व्यवस्थापन	१) अध्यक्ष–रिभर फल्स पावर लि. २) संचालक–शुभम पावर लि.	१) अध्यक्ष–सनराईज होल्डिङ्स प्रा.लि. २) संचालक–प्रभु लाइफ ईन्स्योरेन्स लि. ३) प्रबन्ध संचालक–प्रभु हेलिकप्टर प्रा.लि.
२	श्री दिनेश गुरुङ्ग	प्रबन्ध	४७	नेपाली	नागार्जुन न.पा. वडा नं. ५ सितापाईला	५,७५,५२७	प्रवेसिका परिक्षा उतिर्ण	१) संचालक–झादी ग्रुप पावर लि. २) प्रबन्ध संचालक–सिउरी न्यादी पावर लि. ३) संचालक–रिभर फल्स पावर लि.	१) प्रबन्ध संचालक–तिलीचो ब.स.स. लि. २) संचालक अध्यक्ष मोरगन ईन्भेष्टमेन्ट प्रा.लि. ३) अध्यक्ष–दिपेश रियल स्टेट प्रा.लि. ४) प्रबर्धक–प्रभु क्यापिटल लि.
३	श्री दिनेश प्रशाद श्रेष्ठ	सञ्चालक	६१	नेपाली	का.जि.का.म. पा. ८ धापासी	-	स्नातक व्यवस्थापन	१) संचालक–माया खोला हाईड्रो पावर कम्पनी लिमिटेड २) संचालक–रिभर फल्स पावर लि. ३) संचालक–खानी खोला हाईड्रो पावर कम्पनी लि.	१) प्रोपराईटर–हनी ईन्टरप्राईजेज प्रा.लि. २) प्रोपराईटर–पेरेनियल ईनर्जि नेपाल प्रा.लि. ३) संचालक–पशुपति ईनर्जि डेभलप्मेन्ट कम्पनी प्रा.लि. ४) अध्यक्ष–नेपाल थाईल्याण्ड व्यापार संगठन ५) अध्यक्ष–एमएन ईन्टरनेशनल प्रा.लि.

आधारभुत शेयरधनीको विवरण :

क्र.सं.	नाम	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव(सम्बन्धित) जलविद्युत क्षेत्रमा	अनुभव (अन्य)
१	दिनेश गुरुङ्ग	४७	नेपाली	नागार्जुन ०५, सितापाईला	५,७५,५२७	प्रवेशिका उतिर्ण	हाल रिभर फल्स पावर लि.मा सञ्चालक भई आवद्ध रहेको।	१) प्रबन्ध संचालक तिलीचो ब.स.स. लि., २) संचालक अध्यक्ष मोरगन ईन्भेष्टमेन्ट प्रा.लि., ३) अध्यक्ष दिपेश रियल स्टेट प्रा.लि. ४) प्रवर्धक प्रभु हेलिकप्टर, प्रभु क्यापिटल लि.
२	सुभाष अमात्य	४२	नेपाली	पर्सा जिल्ला विरगंज न.पा वडा नं. ११	४,३०,६१९	स्नात्तकोत्तर-व्यवस्थापन	हाल रिभर फल्स पावर लि.मा सञ्चालक भई आवद्ध रहेको।	१) अध्यक्ष सनराईज होल्डिङ्स प्रा.लि., २) संचालक प्रभु लाइफ ईन्स्योरेन्स लि., ३) प्रबन्ध संचालक प्रभु हेलिकप्टर प्रा.लि.
३	मित्र लाल श्रेष्ठ	५४	नेपाली	का.जि.का.म.पा. ०४ काठमाण्डौं	३,६४,४३८	स्नात्तकोत्तर-व्यवस्थापन	-	व्यापार व्यवसाय
४	माया खोला हाइड्रोपावर कम्पनी लि.	-	लागु नहुने	धुम्बाराही, काठमाडौ	१,६७,१६६	लागु नहुने	लागु नहुने	लागु नहुने
५	ग्लोवल होडिङ प्रा.लि.	-	लागु नहुने	का.म.न.पा वडा नं २८ कमलादी	१,१७,६९१	लागु नहुने	लागु नहुने	लागु नहुने
६	सनराईज होल्डिङ प्रा.लि.	-	लागु नहुने	का.म.न.पा. वडा नं. ११, काठमाडौं	१,००,५००	लागु नहुने	लागु नहुने	लागु नहुने
७	गीता सुबेदी ओली	५३	नेपाली	का.जि.का.म.पा. ०४ काठमाण्डौं	९५,४११	प्रविणता प्रमाणपत्रतह	-	गृहिणी
८	राघव अग्रवाल	२५	नेपाली	हरिसिद्धि २८ ललितपुर	९,४९१९	स्नात्तकोत्तर	-	व्यापार व्यवसाय
९	वल्डवाईड नेपाल ईन्भेष्टमेण्ट प्रा.लि	-	लागु नहुने	का.म.न.पा. वडा नं. ४, काठमाडौं	८०,०००	लागु नहुने	लागु नहुने	लागु नहुने
१०	गोपाल प्रसाद ओली	५२	नेपाली	का.जि.का.म.पा. ०४ काठमाण्डौं	७५०००	स्नातक	-	व्यापार व्यवसाय

नोट : हाल यस कम्पनीमा संस्थापक शेयरधनी मात्र रहेको। अतः यस विवरणपत्र मार्फत सर्वसाधारण शेयरधनी समुहको शेयर निष्काशन भई बाँडफाँट सम्पन्न भए पश्चात् कम्पनी ऐन, २०६३ को दफा ८६(२) अनुसार संचालक समितिमा प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ। कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ।

१०. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :
कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

समूह "क" शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू	४ जना
समूह "ख" अन्तर्गतका सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू (पछि नियूक्ति गरिनेछ।	२ जना
व्यवसायिक विशेषज्ञबाट सञ्चालक	१ जना
जम्मा	**७ जना**

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १००(एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधि संचालकको हकमा यो व्यवस्था लागु हुने छैन।

११. सीमित दायित्व सम्बन्धी विवरण :
यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व सीमित छ। यस कम्पनीको शेयर धनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

१२. सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको वित्तीय विवरण :

वासलात

बिवरण	वास्तविक (रु. हजारमा)		
	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आ.ब. २०७७/०७८
पूँजी तथा दायित्व			
शेयरहोल्डरहरु कोषका			
शेयर पूँजी	२५५,७७३	२५५,७७३	३५७,०००
अग्रिम कल मनी	२,२००	७६,८७९	-
जगेडा कोष र संचित नाफा/नोक्सान	(२९,२४७)	(३४,४९५)	(४२,९२३)
कूल पूँजी	२२८,७२७	२९८,१५७	३१४,०७७
दिर्घकालिन दायित्व			
दिर्घकालिनकर्जा(बैंकबाट कर्जा)	-	१५०,०००	९२९,७८३
जम्मा पूँजी तथा दायित्व	२२८,७२७	४४८,१५७	१,२४३,८६०
कूल कर्जा	-	१५०,०००	९२९,७८३
सम्पत्ति			
दिर्घकालिन सम्पत्ति			
कुल स्थिर सम्पत्ति	१,९३१	२,४८६	१३,१२९
न्युनसंचित ह्रास	७९०	१,२०८	३,२७१
खुद स्थिर सम्पत्ति	१,१४१	१,२७८	९,८५९
निर्माणाधिन परियोजना	१४०,९५५	१६०,७०३	६८३,९३५
लगानी	९८,३५४	९८,३५४	१००
चालु सम्पति			
नगद तथा बैंक मौज्दात	९०१	४,४९०	४२,८७५
प्राप्त हुन बाँकी (नेपाल विद्युत प्राधिकरण)			
अन्य चालु सम्पत्ति	३१,३१७	२११,८४२	५५२,६३५
जम्मा चालू सम्पत्ति	३२,२१८	२१६,३३२	५९५,५१०
न्युनः चालू दायित्व तथा व्यवस्था			
जम्मा चालू दायित्व	४३,९४१	२८,५१०	४५,५४४
खूद चालु सम्पत्ति	(११,७२३)	१८७,८२२	५४९,९६७
जम्मा सम्पत्ति	२२८,७२७	४४८,१५७	१,२४३,८६०

२०७८ पुस मसान्तको संक्षिप्त वासलात

बिवरण	रु. हजारमा
पूँजी तथा दायित्व	
शेयरहोल्डरहरुकोषका	
शेयर पूँजी	३५७,०००
अग्रिम कल मनी	-
जगेडा कोष र संचित नाफा/नोक्सान	(४७,७९१)
कूल पूँजी	३०९,२०९
दिर्घकालिन दायित्व	
दिर्घकालिनकर्जा	१,००२,८९१
अल्पकालीन कर्जा	३००,०००
कूल कर्जा	१,३०२,८९१
जम्मा पूँजी तथा दायित्व	१,६१२,१००
सम्पत्ति	
दिर्घकालिन सम्पत्ति	
स्थिर सम्पत्ति	
कुल स्थिर सम्पत्ति	१३,१३४
न्युनसंचित ह्रास	४,२९९
खुद स्थिर सम्पत्ति	८,८३५
निर्माणाधिन परियोजना	१,१२५,६५२
जम्मा दिर्घकालिन सम्पत्ति	१,१३४,५८७
लगानी	१००
चालु सम्पति	
अग्रिम भूक्तानी पेश्कि तथा धरौटी	५४१,३२९
नगद तथा बैंक मौज्दात	१,१७७
जम्मा चालू सम्पत्ति	५४२,५०६
न्युनः चालू दायित्व तथा व्यवस्था	
आसामीहरु तथा व्यवसायिक दायित्व	६४,९९३
अन्य दायित्व श्रोतमा करकट्टी	-
जम्मा चालू दायित्व	६४,९९३
खूद चालु सम्पत्ति	४७७,५१४
जम्मा सम्पत्ति	१,६१२,१००

नाफा नोक्सान हिसाव

बिवरण	वास्तविक (रु. हजारमा)		
	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आ.व. २०७७/७८
आम्दानी:			
विद्युत बिक्रि आम्दानी	-	-	-
अन्य आम्दानी	१९	३३	६
जम्मा आम्दानी	१९	३३	६
खर्च			
रोयल्टी खर्च	-	-	-
पेनाल्टी खर्च	-	-	-
प्रोजेक्ट संचालन तथा प्रशासन खर्च	(२,३८४)	(४,८६३)	(६,३७१)
EBDIT	(२,३६५)	(४,८३०)	(६,३६५)
ह्रास खर्च	(३७३)	(४१८)	(२,०६३)
EBIT	(२,७३८)	(५,२४८)	(८,४२८)
वित्तीय खर्च	-	-	-
EBT	(२,७३८)	(५,२४८)	(८,४२८)
बोनस खर्च	-	-	-
आय कर	-	-	-
स्थगित कर	-	-	-
कर कट्टापश्चात्को नाफा	(२,७३८)	(५,२४८)	(८,४२८)
NPAT Brought Forward	(२६,५०९)	(२९,२४७)	(३४,४९५)
न्यून : विनियोजन/ समायोजन	-	-	-
समायोजन	-	-	-
लाभांश	-	-	-
खुद नाफा/नोक्सान	(२९,२४७)	(३४,४९५)	(४२,९२३)

नाफा नोक्सान हिसाव २०७८ श्रावण १ देखि २०७८ पुस मसान्त)

बिवरण	रु. हजारमा
आम्दानी:	
विद्युत बिक्रि आम्दानी	-
अन्य आम्दानी	-
जम्मा आम्दानी	-
खर्च	
रोयल्टी खर्च	-
पेनाल्टी खर्च	-
प्रशासन खर्च	(३,८४०)
ह्रास, व्याज र आयकर अगाडिको नाफा	(३,८४०)
ह्रास खर्च	(१,०२८)
व्याज र आयकर अगाडिको नाफा	(४,८६८)
वित्तीय खर्च	-
आयकर अगाडिको नाफा	(४,८६८)
बोनस खर्च	-
आय कर	-
स्थगित कर	-
कर कट्टापश्चात्को नाफा	(४,८६८)
गत वर्षको नाफा (नोक्सानी) सारेको	-
न्यून : विनियोजन/ समायोजन	
समायोजन	-
लाभांश	-
खुद नाफा/नोक्सान	(४,८६८)

१३. आगामी तीन वर्षको लागि प्रक्षेपित वासलात, नाफा नोक्सान तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात प्रक्षेपित (रु.हजारमा)

बिवरण	आ.ब. २०७८/०७९	आ.ब. २०७९/०८०	आ.ब. २०८०/०८१
पूँजी तथा दायित्व			
शेयरहोल्डरहरु कोषका			
शेयर पूँजी	७००,०००	७००,०००	७००,०००
नियमन जगेडा	-	७११	१,६६३
संचित नाफा/नोक्सान	(५२,०६४)	१८,२८६	२१,५७९
जम्मा	६४७,९३६	७१८,९९७	७२३,२४२
दिर्घकालिन दायित्व			
दिर्घकालिनकर्जा(बैंकबाट कर्जा)	१,३२०,०००	१,२५७,६९१	१,१८९,२४७
कूल कर्जा	१,३२०,०००	१,२५७,६९१	१,१८९,२४७
जम्मा पूँजी तथा दायित्व	१,९६७,९३६	१,९७६,६८७	१,९१२,४९०
सम्पत्ति तथा दायित्व			
दिर्घकालिन सम्पत्ति			
स्थिर सम्पत्ति			
जम्मा स्थिर सम्पत्ति (सम्पत्ति तथा उपकरण)	७,८०६	१,८३७,३७२	१,७७२,५५८
निर्माणाधिन परियोजना	१,८९३,९४५	-	-
जम्मा दिर्घकालिन सम्पत्ति	१,९०१,७५०	१,८३७,३७२	१,७७२,५५८
लगानी	१००	१००	१००
चालु सम्पत्ति			
नगद तथा बैंक मौज्दात	३८,८८०	६०,००२	६७,४४१
प्राप्त हुन बाँकी (नेपाल विद्युत प्राधिकरण)		२९,३१७	३०,१९६
अन्य चालु सम्पत्ति	११८,३९६	६७,१५३	४७,४३९
जम्मा चालु सम्पत्ति	१५७,२७६	१५६,४७२	१४५,०७६
न्युनः चालु दायित्व तथा व्यवस्था			
अन्य दायित्व तथा प्रावधान	९१,१९१	१७,२५७	५,२४४
जम्मा चालु दायित्व	९१,१९१	१७,२५७	५,२४४
खूद चालु सम्पत्ति	६६,०८५	१३९,२१६	१३९,८३२
जम्मा सम्पत्ति	१,९६७,९३६	१,९७६,६८७	१,९१२,४९०

नाफा नोक्सान हिसाब प्रक्षेपित (रु. हजारमा)

बिवरण	आ.ब. २०७८/०७९	आ.ब. २०७९/०८०	आ.ब. २०८०/०८१
आम्दानी:			
विद्युत बिक्रि आम्दानी	-	३११,४८४	३२०,८२९
अन्य आम्दानी	४५	२५	३५
जम्मा आम्दानी	४५	३११,५१०	३२०,८६४
खर्च			
रोयल्टी खर्च	-	(७,२६०)	(७,४४७)
पेनाल्टी खर्च	-	(१८,३८२)	(६,९०२)
प्रोजेक्ट संचालन तथा प्रशासन खर्च	(७,१३४)	(२४,२९६)	(२५,८२०)
EBDIT	(७,०८८)	२६१,५७२	२८०,६९५
ह्रास खर्च	(२,०५३)	(६४,३७९)	(६४,८१४)
EBIT	(९,१४२)	१९७,१९३	२१५,८८२
वित्तीय खर्च	-	(१२४,६८२)	(११८,६९२)
EBT	(९,१४२)	७२,५११	९७,१८९
बोनस खर्च	-	(१,४५०)	(१,९४४)
आय कर	-	-	-
स्थगित कर	-	-	-
कर कट्टापश्चात्को नाफा	(९,१४२)	७१,०६१	९५,२४६
NPAT Brought Forward	(४२,९२३)	(५२,०६४)	१८,२८६
न्यून : विनियोजन/ समायोजन			
समायोजन	-	(७११)	(९५२)
प्रस्तावित लाभांश	-	-	(९१,०००)
खुद नाफा/नोक्सान	(५२,०६४)	१८,२८६	२१,५७९

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ।

१. कम्पनीले आ.ब २०७८/७९ मा सर्वसाधारणलाई छुट्याईएको रु३४,३०,००,००० बराबरको शेयर निष्काशन गरिने योजना रहेको छ।
२. शेयर निष्काशनबाट प्राप्त रकम निमार्णधीन आयोजनाको लगतमा उपयोग गर्ने प्रक्षेपण गरीएको छ।
३. कम्पनी द्वारा निमार्णाधीन आयोजना पुर्णरुपमा असार २०७९ बाट विक्रि सुरु हुने योजना रहेको छ।
४. आयोजनाको लागत रु. १.८६ अर्ब अनुमान गरिएको छ।
५. नेपाल विद्युत प्राधिकरणसँग भएको Power Purchase Agreement (PPA) का आधारमा प्रति युनिट विद्युत दर सुख्खा याममा रु. ८.४० र वर्षा याममा रु. ४.८० का आधारमा र सो दरमा आयोजनालाई प्रति बर्ष ३% का दरले ५ वर्षसम्म वृद्धि हुने गरि प्रक्षेपण गरिएको छ। र ८०० कि.वा.को हकमा भने उक्त बृद्धि दर ९ वर्ष सम्म रहने छ।
६. प्रसाशनिक खर्च पहिलो वर्ष ४ प्रतिशतले तथा सो पश्चात आगामी ६ वर्ष सम्म हरेक वर्ष ३ प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ। योजनाको बिमा खर्च योजनाको ह्रास कट्टी पछिको लागतको ०.३ प्रतिशत अनुमान गरिएको छ।
७. योजनासंग सम्बन्धित सम्पतिको ह्रास खर्च कम्पनीको ह्रासकट्टी निति वमोजिम Straight Line Method (SLM) अनुसार आयोजनाको सञ्चालन अविधिको आधार मा प्रक्षेपण गरिएको छ।
८. विद्युत ऐन २०५० अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २ प्रतिशत कर्मचारी बोनस बापत व्यवस्था गर्नु पर्ने भएकाले सोही अनुसार बोनस खर्चको प्रक्षेपण गरिएको छ।
९. कम्पनी करछुट अवधीमा भएकाले आयकरको व्यवस्था गरिएको छैन।
१०. बैंक ऋण आ.व २०७८/७९ बाट आगामी १२ वर्ष आ. व. २०९०/ ९१ भित्र बैंकले उपलब्ध गराएको ऋण तालिका अनुसार चुक्ता गर्ने प्रक्षेपण गरिएको छ।
११. बैंक ऋणको व्याज गणनाका लागि ९.५० प्रतिशत व्याजदर लिईएको छ तथा बैंक ऋण प्रशोधन शुल्क ०.१५ प्रतिशत लिईएको छ।
१२. आर्थिक वर्षमा २०८०।८१ र २०८१।८२ मा १० प्रतिशत बोनस शेयर र ५ प्रतिशत नगद लाभांश वितरणको प्रक्षेपण गरीएको छ।
१३. विद्युत बिक्रीको पहिलो वर्ष १ महिनाको तथा सो पश्चात २ महिना बराबरको रकम पाउनुपर्ने हिसाबमा देखाइएको छ।
१४. रोयल्टि खर्च विद्युत खरिद बिक्री सम्झौतामा भएको प्रावधानको आधारमा प्रक्षेपण गरीएको छ।

विगत तथा आगामी तीन वर्षको नेटवर्थमा भएको औसत प्रतिफल

सम्पत्ति	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	०७५/०७६	०७६/०७७	०७७/०७८	२०७८ पुस	०७८/०७९	०७९/०८०	०८०/०८१
शेयर पुँजी	२५७,९७३	३३२,६५२	३५७,०००	३५७,०००	७००,०००	७००,०००	७००,०००
संचित नाफा /नोक्सान	(२९,२४७)	(३४,४९५)	(४२,९२३)	(४७,७९१)	(५२,०६४)	१८,२८६	२१,५७९
न्यूनः खर्च							
खुद सम्पत्ति नेटवर्थ हजारमा	२२८,७२७	२९८,१५७	३१४,०७७	३०९,२०९	६४७,९३६	७१८,२८६	७२१,५७९
शेयर संख्या	२५८०	३३२७	३५७०	३५७०	७०००	७०००	७०००
प्रति शेयर नेटवर्थ (रु.)	८८.६६	८९.६३	८७.९८	८६.६१	९२.५६	१०२.७१	१०३.३२
नेटवर्थमा औषत प्रतिफल	-	-	-	-	-	०.१०	०.१३
प्रति शेयर आम्दानी	(१.०६)	(१.५८)	(२.३६)	(१.३६)	(१.३१)	१०.०५	१३.४७

नोट : आयोजना निर्माणाधीन अवस्थामा रहेको आयोजनाको सम्पूर्ण लागतलाई पुँजीकृत गरिने/गरिएकोले निष्काशन पूर्वको प्रतिशेयर आम्दानी नरहेको।
कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि एस डी एण्ड एसोसियटस् का चार्टर्ड एकाउण्टेण्ट श्री संजीव ढकालले प्रमाणित गर्नु भएको हो।

१४. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :
संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने।

क) वित्तीय साधनको अभाववाट हुने जोखिम :
- निर्माणाधीन अवस्थामा रहेको जलविद्युत आयोजनामा वित्तीय जोखिम न्यून रहेको।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकास संकुचन आउन सक्ने जोखिम न्यून रहेको। तर नेपाल विद्युत प्राधिकरणले विद्युत खरिद विक्री सम्झौता सहज र सरल नबनाएमा समस्या उत्पन्न हुने देखीन्छ।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भइसकेको र बैंकबाट पनि ऋण प्राप्त भइरहेकोले वित्तीय साधनको अभावबाट हुने कुनै पनि जोखिम नहुने।

ख) कच्चा पदार्थको अभाववाट हुने जोखिम :
- जलस्रोतको निरन्तर मापन गरि डिजाईन गरिएको हुँदा उक्त जोखिम कम रहेको।

ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम : हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको।

घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (cost overrun) को जोखिम : यस कम्पनीले असार मसान्त २०७९ सम्ममा विद्युत उत्पादन गर्ने लक्ष्य राखेको छ। कम्पनीको तर्फबाट सो मितिमा विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्नेछ।

ङ) विदेशी विनिमयको जोखिम : सवै मेसिनरी औजार भारतबाट मात्र आयात हुने भएकोले विदेशी विनिमयको जोखिम नरहेको।

च) कानुनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु : अनुमति वा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निर्माण कार्यमा ढिलाई हुन सक्ने जोखिम रहेको।

छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने जोखिम रहेको।

ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमाहुने नीतिगत परिवर्तनबाट हुने जोखिम :
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट जोखिमहरु श्रृजना हुन सक्ने।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा जोखिमहरु श्रृजना हुन सक्ने।

झ) संचालन इतिहासको अभाव : आयोजना सञ्चालनमा नआउन्जेल सम्म सो विषयमा जोखिम रहेको।

ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम : जलविद्युत आयोजना निर्माणको लागी आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।

ट) अन्य :
- दैवि प्रकोप तथा काबु बाहिरको परिस्थिति उत्पन्न भइ आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ।
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारणा रहेको छ। साथै उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी। यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ। साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न निर्माणाधिन आयोजनाको निम्नानुसारका बिमा गरिएको छ।

१०.३० मे.वा. पिलुवा खोला साना जलविद्युत आयोजनाको बिमा सम्बन्धी विवरण :

सि.नं.	बिमाको प्रकार	बिमा कम्पनीको नाम	बिमाङ्क रकम (रु.)	बिमा अवधि	बिमा शुल्क (रु.)
१.	सिभिल वर्क्स, ईलेक्ट्रोमेकानिकल र प्रसारणलाई	एनएलजी इन्स्योरेन्स कं.लि.	१,१७,५२,३८,६५९।३४	निर्माण कार्यको लागि १८।१०।२०२१ देखि १७।०४।२०२३ मर्मत सम्भार कार्यको लागि १८।०४।२०२३ देखि १७।०४।२०२४	२९,४८,१९०।००
२.	हाईड्रोमेकानिकल वर्क्स	नेशनल इन्स्योरेन्स कं.लि.	१९,४०,८६,०७८।२३	मार्च ७, २०२१ देखि मार्च ६, २०२२	१,६५,८२३।८६

१५. सकारात्मक पक्षहरु :
१. आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको।
२. डाउन पिलुवा खोला साना जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न बिमा गरिएको।
३. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।
४. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनावद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्वल रहेको।

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितो पत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।
१.शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिनेछ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँड गरिनेछ।
३.बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँड गरिनेछ।
४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरिनेछ।
५ शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ। साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ताहरु बीच भएको प्रत्याभूति सम्बन्धी सम्झौतामा उल्लेख भए अनुसार प्रत्याभूतिकर्ताहरुलाई दामासाहीले बाँडफाँड गरिनेछ।

ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था : शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ।

ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर : धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २९ (३) मा भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्कासनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ।

घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी : निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् "धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम (७) बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ।

ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण : सो नभएको।

च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : निष्काशन गरिने साधारण शेयरको बाँडफाँड पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधि भित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र तथा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरिदरबिक्रीको व्यवस्था मिलाइने छ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/ जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत् जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत् मात्र आवेदन दिनु पर्नेछ।
३. आवेदकले आबेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नं. लिनु पर्नेछ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।
५. आवेदकले CRN नं. प्राप्त गरे पश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसंग रुजु हुनु पर्नेछ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फाराम भरी बुझाउनु पर्नेछ:
   - क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम।
   - ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दरस्तखत, सम्पर्क फोन नं., इमेल।
   - ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता।
   - घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा)।
   - ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा)।
   - च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम।
   - छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।
८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनहुँदैन।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गरिनेछ।
१२. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्कासन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ।
१४. शेयर बाँडफाँट गरी सूचिकरण भए पश्चात् बाँडफाँटमा परेका आवेदकहरुलाई बाँडफाँटमा परेको शेयर नीजहरुको हितग्राही खातामा जम्मा गर्ने ब्यबस्था गरिनेछ।
१५. स्वीकृत विवरणपत्र मार्फत निष्कासन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम् ५०,००० (पचास हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ।

१८. धितोपत्र निष्काशनबाट प्राप्त पुँजीको उपयोग :

क्र.सं.	रकम	उपयोग गरिने योजना
१	३४,३०,००,०००	सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेड बाट लिइएको Demand Loan र त्यसमा लागेको व्याज भुक्तानी गर्न प्रयोग गरिने।
जम्मा	**३४,३०,००,०००**	

१९. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्न र दरखास्त साथ रकम बुझाउने स्थान :

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी काठमाडौं।
२.	रिभर फल्स पावर लिमिटेड, कमलादी, काठमाडौं।
३.	रिभर फल्स पावर लिमिटेडको आयोजना कार्यालय, संखुवासभा।

साथै निष्कासन तथा विक्री प्रबन्धकको वेवसाइटः www.prabhucapital.com, निष्कासनकर्ता कम्पनीको वेवसाइटः www. riverfallshydro.com.np एवम् नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np समेत निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नुहुनेछ।

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु।

२०. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :
यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना
१	प्रभु बैंक लिमिटेड, कमलादी, काठमाण्डौ।

२१. धितोपत्र बिक्री खुल्ला अवधि :
यस विवरणपत्र मार्फत् प्रथम चरणमा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आबेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिन हुनेछ। उक्त अवधिमा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोश्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ।

२२. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :
निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशनतथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा वासु थपलिया लाई फोन नं : ०१-४१६९१०० मा सम्पर्क गर्न सकिनेछ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

prabhu CAPITAL
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ०१-४१६९१००
E-mail: info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Ltd.)